<u>२०८२ साल साउन १८ गते तदनुसार Aug 31, 2025 आइतवार बैठकमा पेश भएका कार्यसूचीहरू</u>

१. आधारभूत स्वास्थ्य केन्द्र भवन माग सम्बन्धमा ।

२. ५ बेडको स्वास्थ्य भवन निर्माण स्वीकृत लागत अनुमान भन्दा बढी लागत रकम पालिकाले व्यहोर्ने प्रतिबद्धता सम्बन्धमा ।

३. तह वृद्धि सम्बन्धमा ।

CamScanner

**निर्णय नं.१-** राज्य पुनः संरचना बमोजिम साविक टोक्सेल गा.वि.स. वडा विभाजन भई हालको वडा नं. ७ र ८ कायम हुँदा भई साविकको स्वास्थ्य चौकी टोक्सेल वडा नं. ७ मा रहेकोले हालको वडा नं. ८ मा वसोवास रहेका जनताहरूले नेपालको संविधान प्रदत्त मौलिक हक अन्तर्गत निशूल्क आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित हुन नदिनका लागि अस्थायी संरचना निर्माण गरी स्वास्थ्य सेवा प्रदान गरिरहेकोमा भौतिक संरचना अभावले सेवा प्रवाहमा थप समस्या रहेकोले मानेभन्ज्याङ गाउँपालिका ८ नम्बर वडा कार्यालय राघावपुरको नाममा रहेको कित्ता नं/क्षेत्रफल ६२९/६३१/१-०-०-०, १-०-०-० को जग्गामा आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माणको लागि आवश्यक पर्ने बजेट स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ काठमाडौंमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२-** यस मानेभन्ज्याङ गाउँपालिकामा निर्माण हुने ५ वेडको अस्पत्तालको डीपिआर तयार भई सकेकोले अस्पत्तालको भवन स्वास्थ्य चौकी मानेभन्ज्याङको नाममा रजिष्ट्रेशन दर्ता कायम रहेको कित्ता नं./क्षेत्रफल १३५५/५-०-०-० को जग्गामा भवन निर्माणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ काठमाडौंबाट स्वीकृत लागत अनुमानभन्दा वढी लागत लाग्ने भएमा वढी लागत बराबरको रकम गाउँपालिकाले व्यहोर्ने प्रतिवद्धता गरी अस्पत्ताल निर्माण प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं.३-** मानेभन्ज्याङ गाउँपालिकाको तह वृद्धि सिफारिस समितिको मिति २०८१।०४।०२ गतेको निर्णयानुसार तह वृद्धिको लागि सिफारिस गरेका तपसिल बमोजिमका स्थायी कर्मचारीहरुको कोशी प्रदेश सरकारद्वारा जारी स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० तथा मानेभन्ज्याङ गाउँपालिकाको कर्मचारीको तहवृद्धि गर्ने सम्बन्धी कार्यविधि, २०८१ अनुसार देहाय वमोजिमको सेवा, समूह, पद र तहमा तह वृद्धि गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | कर्मचारीको नाम,थर | हालकोपद/तह | वृद्धि हुने तह | नियुक्ति/बढुवा/तहवृद्धि मिति | तह वृद्धि गरिएको पद र तह, सेवा/समूह/उपसमूह, | तह वृद्धि लागुहुने मिति |
|---|---|---|---|---|---|---|
| १ | राज कुमार थापा | सव इन्जिनियर/पाँचौ | छैटौं | २०७७।०३।२५ | इन्जिनियर छैटौं , इन्जिनियरिङ/सिभिल | २०८२/०४/०१ |
| २ | सफल कुमार साह | सव इन्जिनियर/पाँचौ | छैटौं | २०७६/११/०१ | इन्जिनियर छैटौं , इन्जिनियरिङ/सिभिल | २०८२/०४/०१ |
| ३ | सुकुधन राई | कम्प्युटर अपरेटर/ पाँचौ | छैटौं | २०७६/११/११ | कम्प्युटर अधिकृत, र विविध | २०८२/०४/०१ |
| ४ | राम कुमारी राई | सि.अ.हे.व./पाँचौ | छैटौं | २०७६।१०।०५ | सि.अ.हे.व. छैटौं, स्वास्थ्य/हे.ई. | २०८२/०४/०१ |